पुथा उत्तरगंङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

## स्वयंसेवक आवश्यकता सम्बन्धि सुचना

**प्रथम पटक प्रकाशित मितिः २०७९ कार्तिक १२ गते**

यस गाउँपालिकालाई बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि एक जना स्वयंसेवक (Volunteer) को अवश्यकता परेकोले तपशिल बमोजिमका योग्यता, अनुभव भएका र यस गाउँपालिका भित्र बसोवास गर्ने महिला उम्मेदवारलाई मात्र यस सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्वकको निवेदन दिनुहुन यो सुचना जारी गरिएको छ ।

**तपशिल**

**१ पदः** बहुक्षेत्रीय पोषण कार्यक्रम स्वयंसेवक : (MSNP Volunteer)
**२. शैक्षिक योग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट १२ कक्षा वा सो सरहको तह उत्तिर्ण गरेको ।
**३. अनुभवः** सामुदायिक परिचालनको क्षेत्रमा २ बर्षको अनुभव हासिल गरेको ।
**४. उमेरको हदः** २१ बर्ष पूरा भएको ।
**५. सेवा अवधिः** २०८० असार मसान्त सम्म (कार्यसम्पादनको आधारमा अर्कोबर्ष पनि थप गर्न सकिने) ।
**६. सेवा सुविधा** : कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।
**७. आवश्यक कागजातहरु**

- दरखास्त सम्वन्धी निवेदन
- वायोडाटा
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एक थान ।
- पासपोर्ट साईजको फोटो २ प्रति ।
- नेपाल सरकारवाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट माथि उल्लेखित पद अनुसार उर्त्तिण गरेको प्रमाण पत्रका प्रतिलिपिहरु ।
- कुनै पनि सरकारी तथा गैरसरकारी संस्थामा काम गरेको अनुभवको कागजातहरुको प्रतिलिपी ।

**८. सम्पर्क मितिः** जानकारी गराइने ।
**९. परिक्षाको किसिमः** तोकिएको सुचनाहरुको आधारमा छोटो सुची तयार गरी आवश्यक प्रक्रिया अवलम्बन गरी छनौट गरिने ।
**नोटः** अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

वशिष्ट नारायण यादव
नि. प्रमुख प्रशासकीय अधिकृत